# प्रेस विज्ञप्ती-१५४
# Press Release-154

लागू औषधनियन्त्रण ब्यूरो
Narcotics ControlBureau
कोटेश्वर,काठमाडौं

मिति २०७२।१२।२१गते

## अवैध लागू औषध अफिम सहित मानिस पक्राउ

लागू औषध नियन्त्रण व्यूरोबाट खटिएको बिषेश प्रहरी टोली मिति २०७२।१२।१९ गते काठमाण्डौको बिभिन्न स्थानहरुबाट अवैध लागू औषध अफिम, चरेस तथा मनोद्धिपक औषधी सहित निम्न व्यक्तिहरु पक्राउ गरी लागू औषध नियन्त्रण ऐन २०३३ बमोजिम मुद्धा दर्ता गरी आबश्यक अनुसन्धान कार्य भईरहेको ।


१. मिति २०७२।१२।१९ गते १८:०० बजेको समयमा का.जि.का.म.न.पा.वडा नं. ९ गौशालाबाट जिल्ला रुपन्देही सैनामैना न.पा.वडा ९ बस्ने बर्ष ६२ को *सतपाल यादवले* लगाएको निलो खैरो रंगको लुगी भित्र दाहिने खुट्टाको घुँडा माथी साप्राको भित्री भागमा खैरो रंगको टेपले वेरीको अवस्थामा रहेको **अवैध लागू औषध अफिम ५४० ग्राम** सहित पक्राउ गरिएको ।


**उक्त बरामद अफिमको अवैध मुल्य अन्दाजी ७५०००।- रहेको ।**


२. मिति २०७२।१२।१९ गते १५:०० बजेको समयमा का.जि.का.म.न.पा.वडा नं.१४ कलंकीबाट जिल्ला धादिङ्ग भुमिस्थान गा.वि.स.वडा नं.७ सिम्ले बस्ने बर्ष ३२ को राम कुमार कुवर, जिल्ला धादिङ्ग किराचोक गा.वि.स.वडा नं.४ महादेवखर्क घर भएका बर्ष २० को सुजन तामाङ्गको **साथबाट अवैध लागू औषध चरेस ९४५ ग्राम**, का.जि.का.म.न.पा.वडा नं. १ लालदरवार घर भएका बर्ष ३४ को दिपक कुमार थापाको साथबाट **अबैध लागू औषध चरेस ३ ग्राम,** जिल्ला चितवन बछ्यौली गा.वि.स.वडा नं. २ घर भएका बर्ष २२ चन्द्र गौतमको साथबाट **नाईट्राजेपाम नाईट्रोभेट ट्याब्लेट ७५ पिस र Appy Bottle Pack 250 ml** को बटा भित्र कारेक्स भोल सहित पक्राउ गरि अनुसन्धान कार्य जारी रहेको ।


•••

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८
ईमेल : ncbnepal@gmail.com


प्रतिबादी सतपाल यादबको
साथबाट बरामद भएको
लागू औषध अफिम ५४०
ग्राम ।


नामथर- सतपाल यादब
मुद्दा- ला. औ. अफिम ५४० ग्राम.
पक्राउ मिति- २०७२/१२/१६ गते
बुबाको नाम - पन्चम यादव
वतन- जि. रुपन्देही सैनामैना ९.


नामथर- राम कुमार कुँवर वर्ष २२.
मुद्दा- ला. औ.
पक्राउ- २०७२/१२/१६ गते
बुबाको नाम - तिर्थ वहादुर कुँवर
वतन- भूमिस्थान-८ धादिङ,


नामथर- सुजन तामाङ, वर्ष-२०.
मुद्दा- ला. औ. चरेस ६४५. ग्राम.
पक्राउ मिति- २०७२/१२/१६ गते
बुबाको नाम - हर्क बहादुर तामाङ,
वतन- किरान्चोक ४, धादिङ,

# प्रेस विज्ञप्ती - १५३
# Press Release-153


लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं


मितिः-२०७२/१२/१५ गते

## ५४ के.जि. अवैध लागूऔषध मेथाफेटामाईन अष्ट्रेलिया पठाउने कार्यमा संलग्न व्यक्तिहरु पक्राउ

चीनको गोन्जाउबाट समुद्री मार्ग हुँदै २०१६ को जनवरीमा अष्ट्रेलियाको ब्रिसवेनमा घर सजावटका सामन भनी झुक्याएर पठाएकोमा उक्त सामान लिन पुगेका अष्ट्रेलियन नागरिक Raymond John Marsden र नेपाली नागरिक भुपेन्द्र तामाङ उक्त ५४ के.जी. मेथाफेटामाईन (Methaphetamine) सहित अष्ट्रेलियामा पक्राउ परेको घटनाको अनुसन्धानको क्रममा निजहरुले नेपाल स्थित सिन्धुपाल्चोक जिल्ला घर भई हाल जिल्ला काठमाण्डौ, बुढानिलकण्ठ न.पा., वडा नं.१२, निलोपुलमा श्रेष्ठ फेन्सी स्टोर संचालन गर्ने मनिष श्रेष्ठ र ठमेलमा हिमालयन ट्रेक संचालन गर्ने बिक्रम लामिछाने समेतले चीनबाट हामीलाई पठाएको हो र हामीलाई सामान बुझ्न भनेको भनी खुलाएको हुँदा Australian Federal Police (AFP) ले यस व्यूरोमा पत्राचार गरेपछि जिल्ला सिन्धुपाल्चोक, वतासे गा.वि.स., वडा नं.४ घर हुने *मनिष श्रेष्ठ* र जिल्ला धादिङ, त्रिपुरेश्वर गा.वि.स., वडा नं.३, खहरे स्थायी ठेगाना भएका *बिक्रम लामिछाने* समेत दुबै जनालाई मिति २०७२/१२/०७ गते पक्राउ गरी निजहरुलाई सोधपुछ गर्दा मनिष श्रेष्ठसँग बिक्रम लामिछानेले अष्ट्रेलियाको सामान रिसिभ गर्नेको ठेगाना उपलव्ध गराउन भनेको र निजले Raymond John Marsden को ठेगाना उपलव्ध गराए पश्चात बिक्रम लामिछानेले सोधपुछका क्रममा खुलाएका जिल्ला नुवाकोट, दाङसिङ गा.वि.स., वडा नं. ५ घर हुने होम बहादुर तामाङलाई समेत पक्राउ गरी सोधपुछ गर्दा निजले Raymond John Marsden को ठेगाना बैंककमा बस्ने धर्म पाख्रीनलाई उपलव्ध गराए पश्चात निज धर्म पाख्रीनले चिनीयाँ नागरिक Frank को इमेल ठेगाना उपलव्ध गराएको र बिक्रम लामिछानेले उक्त ईमेल मार्फत सम्पर्ण विवरण Raymond John Marsden र Frank सँग आदान प्रदान गरेको खुल्न आएको छ । सो बापत होम बहादुर तामाङले मनिष श्रेष्ठ, बिक्रम लामिछाने र अष्ट्रेलियाका Raymond John Marsden लाई रु. १,५०,०००।– प्रतिव्यक्ति दिने कुरा अनुसन्धानबाट खुल्न आएकोले मिति २०७२/१२/०७ गते निजहरु तिनैजनालाई सम्मानित जिल्ला अदालत काठमाण्डौबाट म्याद लिई थप अनुसन्धान भैरहेको र उक्त अवैध लागूऔषधको अन्तर्राष्ट्रिय बजार मूल्य २७ लाख अमेरिकी डलर रहेको ।

•••


नाम ÷ मनिष श्रेष्ठ (२१) वर्ष
बुबा ÷ गुन्जमान श्रेष्ठ
बाजे ÷ सेते काजी श्रेष्ठ
पक्राउ मिति ÷ २०७२।१२।०८ गते
मुद्दा ÷ ५४ के.जी. एमफेटामाईन
अष्ट्रेलीयामा पक्राउ परेकोमा
वतन ÷ बतासे ४ सिन्धुपाल्चोक


नाम ÷ बिक्रम लामिछाने (३०) वर्ष
बुबा ÷ राम बहादुर लामिछाने
बाजे ÷ मोहन प्रसाद लामिछाने
पक्राउ मिति ÷ २०७२।१२।०८ गते
मुद्दा ÷ ५४ के.जी. एमफेटामाईन
अष्ट्रेलीयामा पक्राउ परेकोमा
वतन ÷ त्रिपुरेश्वर ३ धादिङ।

# प्रेस विज्ञप्ती - १५२
# Press Release-152

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

मितिः-२०७२/१२/१५ गते

## ५ करोड ४० लाख भन्दा बढीको अवैध लागूऔषध कोकिन सहित दुई बिदेशी महिला पक्राउ

लागू औषध नियन्त्रण ब्यूरोलाई प्राप्त भएको विशेष सूचनाको आधारमा मिति २०७२/१२/१५ गते ०८:३० बजे जिल्ला काठमाण्डौ, का.म.न.पा.वडा नं. १७, क्षेत्रपाटी, ठमेलबाट South African नागरिक, पासपोर्ट नं. A04668043 बाहक ३७ बर्षिया Mpathoni MSANE को साथबाट ३ वटा Shampoo को बट्टा भित्र लुकाई छिपाई राखिएको जम्मा १.९३१ के.जि. (१.९३१ ली.) तथा India, BTHANY 1, PHEK SADAR, NAGALAND, 797108 घर भएकी बर्ष ४१ की Mercy को साथबाट १ वटा Shampoo को बट्टा भित्र लुकाई छिपाई राखिएको अवस्थामा ०.७९१ के.जि. (०.७९१ ली.) समेत गरी जम्मा २.७२२ के.जि. (२.७२२ ली.) कोकिन सहित पक्राउ परेका छन् ।

प्रारम्भिक अनुसन्धान अनुसार निज MSANE ०१ चैत्र २०७२ (१४ मार्च २०१६) मा South Africa को Johannesburg बाट दुबई हुँदै ०२ चैत्र २०७२ (१५ मार्च २०१६) मा ब्राजिल पुगी अबैध लागू औषध कोकिन लिई पुन: दुबई हुँदै Fly Dubai को उडान नं. FZ 753 बाट मिति ११ चैत्र २०७२ (२४ मार्च २०१६) मा काठमाण्डौ आएको खुल्न आएको छ । निज अविवाहित रहेको र निजको एक जना १४ बर्षीय छोरा र १२ बर्षीया छोरी समेत रहेको खुल्न आऐको छ । अर्की भारतीय महिला Mercy मिति १४ चैत्र २०७२ मा काठमाण्डौ आई निजहरु दुवै सँगै रहेको अवस्थामा पक्राउ परेका हुन् । निज Mercy को १ वटा छोरा र ३ वटी छोरीहरु रहेको खुल्न आएको छ ।

निज MSANE ले बताए अनुसार बिगतमा पनि South Africa बाट भारत, फिलिपिन्स हुँदै बिभिन्न यूरोपियन मुलुकहरुमा कोकिनको तस्करी गर्ने गिरोहमा संलग्न रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

निजहरुको साथबाट हाल बरामद भएको २.७२२ के.जि. (२.७२२ ली.) कोकिन भारतको नयाँ दिल्ली हुँदै Italy, Netherlands लगाएतका यूरोपियन देशहरुमा कारोबार गर्नको लागि नेपालको भूमिलाई ट्रान्जिट प्वाईन्टको रुपमा प्रयोग गर्न खोजिएको अनुसन्धानबाट खुल्न आएको छ । उक्त अवैध लागू औषध कोकिनको अन्तर्राष्ट्रिय बजार मुल्य ने.रु. ५,४४,४०,०००।- हुन आउँछ । साथै सम्बन्धित देशका लागू औषध कानून कार्यान्वयन निकायहरुसँग आवश्यक समन्वय तथा सहकार्य गरी थप अनुसन्धान भई रहेको छ । यसरी liquid मा परिणत गरी Shampoo को बोतलमा Cocaine को ओसार पसारको घटना नेपालको लागि पहिलो हो ।

अवैध लागू औषध कोकिनको ओसार पसार अपराधमा दक्षिण अफ्रिका, नाइजेरिया, ब्रजिलको साओ पाओलो, भारतको नयाँ दिल्ली, मुम्बई, फिलिपिन्स, दुबई, इटाली, नेदरल्याण्डस् आदि विभिन्न देशमा अफ्रिकी मूलका बिभिन्न गिरोहहरु सकृय रहेको खुलेको छ । सो कार्यका लागि नेपाललाई ट्रान्जिट प्वाइन्टको रुपमा प्रयोग गरी भारत, फिलिपिन्स तथा युरोपका बिभिन्न स्थानहरुमा अवैध लागू औषध कोकिन ओसार पसार गर्न सक्ने आवस्थालाई मध्यनजर गरी अन्तर्राष्ट्रिय रुपमा कृयाशील समूहहरुको Profiling समेत गरी यस व्यूरोले निरन्तर रुपले उच्च निगरानी गरिरहेको थियो ।

साथै बिगतमा पनि यस व्यूरोद्वारा मिति २०७१।१२।२० गते पासपोर्ट नं. A34891381 वाहक ३६ वर्षिय मलेसियन महिला Marina Binti Jamaluddin लाई ११ के.जि. कोकिन सहित त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलबाट पक्राउ गरिएको थियो ।

●●●

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८
ईमेल : **ncbnepal@gmail.com**







**Msane South African - Cocaine 1931 Gm.**



**Mercy Nagaland, India - Cocaine 791 Gm.**